लमही नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लमही, दाङ्ग

लुम्बिनी ,प्रदेश,नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**मेशिनरी सामग्री तथा ल्याव सामग्री र केमिकल्स खरिद सम्बन्धी शिलवन्दी बोलपत्रको सूचना**

**(दोस्रो पटक सूचना प्रकाशित मिति : २०७९/०१/०५ गते)**

लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय पशु सेवा उपशाखाको चालु आ.ब.२०७८/०७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार पशु सेवा केन्द्रको लागि मेशिनरी सामग्री तथा पशु ल्याव संचालन गर्न सामग्री र केमिकल्स खरिद सम्बन्धी शिलवन्दी दरभाउ पत्रद्धाराखरिद गर्नका लागी बजेट शिर्षक नं.२२५२२ र २२३१९ को बजेट अर्न्तगत यस कार्यालयको मिति २०७९/०१/५ गतेको निर्णयानुसार तपशिल मेशिनरी सामग्री तथा पशु ल्याव संचालन गर्न सामग्री र केमिकल्स खरिद गर्न सार्वजनिक खरिद २०६३ को दफा १३ को (१) को उपदफा ४ को (१) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ को (क) बमोजिम सिलबन्दी दरभाउपत्रद्धारा खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त ईच्छुक ब्यबसायी/फर्महरुबाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१) बोलपत्र फारम खरिद गर्न ईच्छुक ब्यबसायीहरुले दोस्रो पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिन मिति २०७९/०१/१९ गते सम्म कार्यालय समय भित्र चालु आ. व. को लागी नविकरण भएको फर्म दर्ता प्रमाण पत्र, स्थायी लेखा दर्ता प्रमाण पत्र, मू. अ. कर दर्ता प्रमाण पत्र, आ. व. २०७७/०७८ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी यस कार्यालयमा दरभाउपत्र खरिद तथा दाखिला गर्न अधिकार प्रत्यायोजन गरिएको सक्कलै पत्र निवेदन साथ पेश गरी नियमानुसार लाग्ने रु. ३०००।- (तीन हजार) मा फिर्ता नहुने गरी यस लमही नगरपालिकाको नाममा रहेको आन्तरिक राजस्व रा.बा.बैक लमही, दाङ खाता नं. ४२९०१००३०१०१०००२ मा जम्मा गरेको भौचर वा लमही न.पा. राजस्व शाखामा दरभाउपत्र दस्तुर बुझाइ दरभाउपत्र खरिद गर्न सकिने छ ।

२) खरिद गरिएका शिलबन्दी दरभाउपत्र फारम दास्रो पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन मिति २०७९/०१/२० गते दिनको १२:०० बजेभित्र यस नगरपालिका कार्यालयको नाममा सम्बोधन गरी फारम पेश गर्नेको नाम, ठेगाना र फोन नं. उल्लेख गरी सहिछाप गरी शिलबन्दी लाहाछाप लगाई खामको बाहिर कामको विवरण, ठेक्का नं. समेत उल्लेख गरी यस नगर कार्यपालिकाको कार्यालयमा तोकिएको समयभित्रै दर्ता गराई सक्नुपर्नेछ । सो शिलबन्दी बोलपत्र दर्ता गर्ने अन्तिम दिन मिति २०७९/०१/२० दिउसो २:०० बजे विभिन्न कार्यालयका प्रतिनिधी र दरभाउपत्रदाता वा निजहरुले अख्तियारीनामा दिई पठाएका प्रतिनिधीको रोहवरमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० (ङ) अनुसार बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा कुनै सजाय नपाएको भनी लिखित रुपमा स्वयम घोषणा गरेको कागजात शिलबन्दी बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

४) सेवा केन्द्रको लागि मेशिनरी सामग्रीतथा पशु ल्याव संचालन गर्न सामग्री र केमिकल्स खरिद लागी बोलपत्र खरिद गरी एउटै खामभित्र एक भन्दा बढि बोलपत्रहरु राखी पेश गर्न पाईने छैन ।

५) सिलबन्दी बोलपत्र साथ जमानत वापत तपसिलमा उल्लेख गरे बमोजिमको जमानत रकम लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, लमही, दाङमा रहेको धरौटी खाता नं. ४२९०१००३०३००००२ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस नगर कार्यपालिकाको नाममा मान्यता प्राप्त बैंकबाट जारी गरिएको बोलपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुनेगरी १२० दिन अवधी (Validity)

रहेको सक्कल बैंक जमानीपत्र (Unconditional Bid bond) संलग्न गरी पेश गर्नुपर्नेछ । यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ ।

६) बोलपत्रमा कबोल गरेको दररेट अंक र अक्षर  दुवैमा लेख्नुपर्नेछ । अक्षर र अंकमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा सहिछाप गरेको हुनुपर्ने छ ।

७) म्याद नाघि आएको वा रित नपुगेको वा कुनै पनी शर्त राखी पेश गरेको बोलउपत्र उपर कुनै कारवाही हुने छैन ।

८) शिलबन्दी बोलउपत्र सम्बन्धी सम्पूर्ण कुराहरु यसमा लेखिएको बमोजिम र यसमा उल्लेख नभएका हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ तथा नेपाल सरकारका प्रचलित कानुन अनुसार हुनेछन ।

९) शिलबन्दी बोलपत्र खरिद गर्ने तथा पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो कार्यहरु क्रमशः कार्यालय खुलेको अर्को दिन हुनेछ ।

१०) शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

११) अन्य कुरा बुझ्नु परेमा यस नगर कार्यपालिकाको कार्यालयमा आई बुझ्न सकिने छ ।

१२) बोलपत्रमा पेश गरेको मूल्य यस आ.व. २०७८/०७९ को लागी भएकाले अषाढ मसान्त सम्म कुनै प्रकारको मूल्य बद्धि लाई स्वीकार गरिने छैन ।

| सि. नं. | दरभाउपत्र नं. | सामग्रीको बिबरण | फारम शुल्क रु. | धरौटी रकम रु. |
|---|---|---|---|---|
| १ | ख/०२पशु/०७८/०७९ | १.पशु सेवा केन्द्रको लागि मेशिनरी सामग्री<br>२.पशु ल्याव संचालन गर्न सामग्री र केमिकल्स खरिद | ३,०००।–तिन हजार रुपैयाँ मात्र | ६१,७७०।–त्रिचालिस हजार सात सय सत्तरी मात्र |

**नि. प्रमुख प्रशासकीय अधिकृत**